## सूचना २

ऋण तथा जमानत ऐन, २०२५ को दफा ५ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारको जमानतमा जुट विकास तथा व्यापार संस्थानले किसानहरूबाट जुट खरीद गर्ने कार्यको लागि नेपाल बैंक लिमिटेडसँग मिति २०४२।६।२० को जमानत सम्झौता अनुसार लिइएको रू. १,००,००,०००।– (एक करोड) ऋणमा श्री ५ को सरकार जमानत बसेबापत श्री ५ को सरकारलाई बुझाउनु पर्ने कमिशन पूर्णरूपले छुट दिएको छ।

आज्ञाले,
लोकबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## कृषि मन्त्रालयको सूचना

श्री ५ को सरकारले खाद्य नियमावली, २०२७ को नियम ४ को उपनियम (१) ले दिएको अधिकार प्रयोग गरी कृषि मन्त्रालय, केन्द्रीय खाद्य अनुसन्धानशाला अन्तर्गत खाद्य परीक्षणशाला, हेटौंडाका खाद्य अनुसन्धान अधिकृत श्री दीपजङ्ग शाहलाई सार्वजनिक विश्लेषक तोकेको छ।

आज्ञाले,
पृथुनरसिंह राणा
श्री ५ को सरकारको का. मु. सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३८२